जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २७५ पृष्ठः ४ | २०८० फाल्गुन ११ गते शुक्रबार (Friday 23 Feb. 2024) | मूल्य रु. ५/- | इमेल : marganugamidaily@gmail.com

## तिघ्रामा लुकाएर ल्याएको लागुऔषधसहित युवक पक्राउ

सिरहा, १० फाल्गुन। सिरहा प्रहरीले तिघ्रामा टेपले बाँधेर ल्याएको प्रतिबन्धित लागुऔषधसहित लहानका एक युवकलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बुधबार राति करिब ८ बजेतिर भारतबाट पैदल हिंडेर आउँदै गरेका लहान नगरपालिका-२१ का करिब २३ वर्षीय सोनुकुमार साहलाई भगवानपुर-४ ठाडीबाट तिघ्रामा लुकाएर ल्याएको २७ थान प्रतिबन्धित लागुऔषध सहित पक्राउ गरिएको हो। प्रहरी चौकी ठाडीबाट खटिएको गस्ती टोलीले शंका लागेर साहलाई रोकी चेकजाँच गर्ने क्रममा दुवै तिघ्रामा टेपले बाँधी ल्याएको लागुऔषध बरामद भएपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार तिघ्रामा लुकाएर ल्याएको नौ-नौ थान नाइट्रोजन, फेनारगन र क्राफिन बरामद भएपछि उनलाई तत्काल नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय लहानमा राखेर थप अनुसन्धान भइरहेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार चालू आर्थिक वर्ष ०८०/८१ को माघसम्मको सात महिनाको अवधिमा लागुऔषध सम्बन्धी ५४ वटा मुद्दा दर्ता गरिएका छन्। दर्ता गरिएका मुद्दामा ६१ पुरुष र दुई महिला नेपाली तथा दुई विदेशी पुरुष गरी ६५ जना पक्राउ परेको जिल्ला प्रहरीको तथ्यांकमा उल्लेख छ।



## गुणस्तरहीन निर्माणका कारण भत्कन थाल्यो कंचनपुर-कमला सडकको कालोपत्रे

**मणिलाल विश्वकर्मा**



लहान, १० फाल्गुन। पूर्व-पश्चिम लोकमार्गको कञ्चनपुर-कमला सडक योजनाको पश्चिम खण्ड अन्तर्गत मिर्चैयादेखि पश्चिमतर्फ गरिएको कालोपत्रे भत्किन थालेको छ। कालोपत्रे गरिएको दुई महिना नबित्दै ठाउँ-ठाउँमा सडक भत्किन थालेपछि स्थानीयले निगरानी बढाउनुपर्ने माग गरेका छन्। मिर्चैयादेखि करिब एक किलोमिटर पश्चिम मल्हनियाँ चोकमा १० दिनअघि गरिएको कालोपत्रे चर्किएपछि मंगलबार निर्माण कम्पनीले उप्काएर पुनः टालेको स्थानीय जितेन्द्रकुमार साहले बताए।

उक्त सडक खण्डको मिर्चैयादेखि पश्चिमतिर सौर्या सिमेन्टअगाडि, मलहनियाँ, प्रयागपुर, मेनहर्वा चोक, बगहालगायतका ठाउँमा गरिएको एकतर्फी कालोपत्रे चर्किन थालेपछि उप्काएर कटिङ गरी पुनः टालटुल गरेका छन्। कर्जन्हा नगरपालिका १० प्रयागपुरका चन्द्रदेव यादवले गुणस्तरहीन काम भएकै कारण कालोपत्रे गरिएको दुई महिना नबित्दै ठाउँ-ठाउँमा चर्किएको बताए। 'गुणस्तरहीन निर्माणको क्षति स्थानीय जनता र मुलुकले व्यहोर्नुपर्छ' उनले भने, 'त्यसैले सरकारको सम्बद्ध निकायले कडाइपूर्वक निगरानी गर्नुपर्छ।'

**डेढ किलोमिटर खण्डमा कमजोरी रहेको स्वीकार**

एसियाली विकास बैंकको ७१ दशमलव २२ प्रतिशत ऋण र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत गरी कुल आठ अर्ब ३८ करोड ९९ लाख ६८ हजार लागतमा

**-बाँकी दुई पेजमा**

## सिरहा नपाले थाले निस्सा प्रमाण पत्र वितरण

**बद्री नारायण यादव**




सिरहा,१० फाल्गुन। सुकुम्बासी तथा अव्यवस्थित बसोवासलाई लक्षित गरेर सिरहा नगरपालिका १ ले पालिकाभरीमै जग्गाको निस्सा प्रमाण पत्र वितरण गर्ने पहिलो भएको छ। १ नम्वर वडा कार्यालयले राष्ट्रिय भुमि आयोजसँग समन्वय गरी एक कार्यक्रमको आयोजना गरी जग्गाको निस्सा प्रमाण पत्र वितरण गरेको हो। सिरहा नगरपालिकाका नगरप्रमुख डा. नविन यादव, प्रमुख प्रशासकीय अधिकृत बलिराम यादव, राष्ट्रिय भुमि आयोगका सिरहा अध्यक्ष रामअधिन यादव लगायतका व्यक्तिहरुको रोहवरमा १ नँम्वर वडाभरीका १५ भुमिहिन सुकुम्बासी,

**-बाँकी तीन पेजमा**

## गाँजासहित चालक पक्राउ

सर्लाही, १० फाल्गुन। सर्लाही प्रहरीले एक सय ६६ किलो अवैध लागू औषध गाँजासहित एक जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले बा. प्रदेश ०१-०२६ च ५१५९ नम्बरको कारलाई जाँच गर्ने क्रममा प्रहरीले गाँजासहित बागमती नगरपालिका ३ नयाँ बस्ती चोकबाट नवलपरासी पूर्व गैंडाकोट नगरपालिका ११ का ३० वर्षीय सुर्य परियारलाई बिहीबार पक्राउ गरेको हो।

प्रहरीले चेकजाँचको क्रममा कारभित्र १० वटा पोकामा गाँजा फेलापरेपछि चालक परियारलाई कारसहित नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाउको छ।




**मोबाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोबाइलको तल लागेको बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझ्ने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारीरिक विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरुको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# नेताको जीवनशैलीमा शुद्धीकरण होला ?

प्रमुख विपक्षी दल एमालेले आफ्नै पार्टीमा कानुनप्रतिकूल क्रियाकलाप, अनुचित आर्थिक क्रियाकलाप, गलत यौन आचरण बढेको सवाल केन्द्रीय समितिको चालु बैठकमा प्रवेश गराएको छ। पार्टी दस्तावेजमै त्यस्ता विषय उल्लेख गरी छलफलको विषय बनाएको छ। लामै समय सत्ता भोग गरेको एमालेले पार्टीभित्र झाँगिएको बेथिति–विकृति पहिचान गर्नु र कारबाहीको शब्द प्रवेश गराउँदै 'शुद्धीकरण'को प्रस्ताव गर्नुलाई सकारात्मक ठान्नुपर्छ। दस्तावेजमा 'आर्थिक आचरण र यौन आचरणमा कानुनी र नैतिक बन्धन तोड्न खोज्ने विकृति हुर्किंदै छन्। यस्तो प्रवृत्तिले नेता, कार्यकर्ता र समग्र पार्टीलाई जनताबाट अलग गर्ने खतरा पैदा भएको' उल्लेख छ।

त्यसअतिरिक्त आर्थिक–सामाजिक क्रियाकलाप, यौन आचरण र नैतिक दृष्टिले गल्ती गर्नेहरूलाई कारबाहीको विषय नबनाउँदा त्यस्तो प्रवृत्ति प्रोत्साहित हुन पुगेको' निष्कर्ष पनि छ। हो, राजनीतिको एकमात्र मन्त्र र अस्त्र 'अवैध र भ्रष्ट–कर्मबाट आर्जित धन' बनेको छ। त्यसविरुद्ध माहोल छेडिएमा निश्चय नै राजनीति शुद्धीकरणकै बाटोमा जाने निश्चित छ। यत्ति हो, खाली आँखामा छारो हाल्ने किसिमको हुनुहुन्न र वास्तविक रुपमै सजायको विषय बनाइनुपर्छ। हुन पनि २०४८–२०४९ ताका चाइनिज वारिएर जुत्तामा बागबजार ओहोरदोहोर गर्ने नेताहरु यतिखेर आलीसान महलमा बस्छन्, पजेरो चढ्छन्। तिनको जीवनशैली राणा र पञ्चायतकालीन शासकहरुलाई बिर्साउँदो छ।

त्यो दृश्य जो सुकैले देखेकै छन्, झन् एमालेवृत्तकै मानिसले नदेख्ने र नबुझ्ने सवाल नै रहेन। किनभने सर्पको खुट्टा सर्पले देख्छ। अनि एमालेको 'शुद्धीकरण' प्रयास पहिलो होइन, विगतमा नेतृत्ववृत्तदेखि कार्यकर्तातहसम्म गैरकानुनी सम्पत्ति आर्जनको होडबाजी चलेको, अस्वाभाविक, तडकभडकपूर्ण जीवनशैलीमा उक्लेको निस्कर्षसहित छानबिन र शुद्धीकरण प्रसंग अनगिन्ती पटक आएकै हुन्। त्यसअतिरिक्त एमाले र माओवादी एकीकरणपछि पनि अनुशासन आयोग पार्टीभित्र मौलाएको खराब विकृति रोक्ने कथा सुनाएकै थियो। एमाले नेतृत्ववृत्तले अकुत सम्पत्ति आर्जन र भोगविलास गर्ने खराब प्रवृत्ति मौलाएको निष्कर्षसहित दुई वर्षअघि पनि 'सम्पत्ति विवरण' पार्टीलाई सम्पत्ति बुझाउनुपर्ने निर्देशन जारी गरेकै थियो।

पार्टीको केन्द्रीय अनुशासन आयोगले सांसद, स्थानीय तहका प्रमुख–उपप्रमुखका अतिरिक्त केन्द्रीय कमिटिका सदस्यहरुले अनिवार्य रुपमा सम्पत्ति–विवरण बुझाउन 'अपानि' (अन्तरपार्टी निर्देशन) जारी गरेको थियो। तर, सम्पत्ति विवरणलाई पार्टीले कसरी मूल्यांकन गर्‍यो, तल–माथि गर्नेलाई के गर्‍यो भन्ने चाहिँ खुलाएको पाइँदैन। कम्तीमा रातारात अनेकन तौर–तरिकाबाट अनुचित सम्पत्तिका मालिक बन्नेहरुको फेहरिस्त सार्वजनिक गरेको भए, तिनमा 'सार्वजनिक बेइज्जति'को डर हुन्थ्यो। त्यसरी अस्वाभाविक शैलीमा जीवन यापन गर्नेहरुलाई पार्टीले कुनै किसिमको 'कारबाही' गरेको उदारहण स्थापित भएको छैन।

अनि पार्टीले त्यस्ता पात्रहरुलाई कुनै पनि तहमा उमदेवार बन्न नदिएको उदाहरण पेश गरेको परिस्थिति फरक हुन सक्थ्यो। पार्टीमा अथाह कमाएकालाई टिकट दिने प्रवृत्तिबीच प्रतिस्पर्धा हुँदैछ, एमालेले त्यस्ता पात्रलाई किनारामै पुर्‍याउँछ भन्ने सन्देश दिएको भए अरु पार्टी पनि उसैको सिको गर्न बाध्य हुने थिए। त्यसअतिरिक्त पार्टीको आन्तरिक छानबिन एउटा कुरा हो, अर्को त मुलुकको ठूलै पार्टी भएको हैसियतले त्यस्ता पात्रहरुलाई कानुनी दायरामै पुर्‍याउन अख्तियार गर्नुपर्ने बाटो फरक हुनुपर्थ्यो र हुनुपर्छ पनि। अर्थात्, उसले सार्वजनिक पदमै रहेर अथाह सम्पत्ति कमाएकाको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई थप छानबिन गरी मुद्दा चलाउनका निम्ति फाइल पठाउन सक्थ्यो। एमालेले त्यसरी फाइल पठाएको सुनिएको छैन।

स्रोत नखुलेको सम्पत्तिका हकमा अख्तियारले एमाले नेताहरुविरुद्ध अनुसन्धान गरेको तथ्य स्थापित गरेको छैन, कुनै बेला एमाले छाड्दै माले गएका एकाधलाई पत्र काट्नुबाहेक। पार्टीका आयोग र उसका छानबिन भनेको उसको आन्तरिक मामला हो। पार्टीका आयोगले राज्यका संवैधानिक अंगको हैसियत धारणा गर्दैनन्। जब नेतृत्व वृत्तले अनुचित आर्थिक क्रियाकलाप मौलाएको स्वीकार गर्छ भने त्यस्ता पात्रमाथि 'वैधानिक कारबाही' निम्ति सहयोग गर्नुपर्छ। एकातिर पार्टीमा 'अनुचित यौन क्रियाकलाप' मौलाएको तथ्य दस्तावेजमा उल्लेख गर्नु, अर्कातिर त्यस्ता पात्रलाई सजाय दिलाउन राज्यका कुनै पनि निकायमा उजुरी नदिनुलाई जायज ठान्न सकिँदैन।

# आफ्नो सार्वभौमिकता भुलेको कांग्रेस महासमिति

## देउवालाई बहुमतबाट निर्णय गर्ने बाटो खुला




काठमडौं, १० फाल्गुन। नेपाली कांगेसको गोदावरी महासमिति बैठक सकिएको छ। उपसभापति र महामन्त्रीहरूका 'परस्पर बाझिएका' प्रस्ताव सर्वसम्मतिले पारित गरेको महासमितिले निष्कर्ष निकाल्ने र कार्यान्वयन गर्ने जिम्मा केन्द्रीय समितिलाई छोडिदिएको छ। अब केन्द्रीय समितिमा देउवालाई बहुमतमार्फत निर्णय गर्न सहज हुने निश्चित छ। कांग्रेसको विधान अनुसार महाधिवेशनपछिको सबैभन्दा ठूलो र शक्तिशाली संस्था हो, महासमिति। महासमिति बैठकले नेतृत्व परिवर्तनबाहेक सबै कुरा गर्न सक्ने प्रावधान विधानमा छ। तर, महासमितिमा चार दिन चलेको छलफल र मन्थनको निष्कर्ष महासमितिबाट ननिकाली केन्द्रीय समितिलाई जिम्मा दिएर सकिएको छ।

"महासमितिको बैठकमा उपसभापति पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभएको नीति प्रस्ताव, महामन्त्री गगनकुमार थापाले प्रस्तुत गर्नुभएको सांगठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माले प्रस्तुत गर्नुभएको समसामयिक राजनीतिक प्रस्ताव नेपाली कांग्रेसको नीति, सांगठानिक कार्ययोजना र समसामयिक सन्दर्भमा स्पष्ट दृष्टिकोण निर्माण गरेको छ। बन्द सत्रमा प्रस्तुत प्रस्तावमा सहभागी सदस्यहरूवाट आएका महत्त्वपूर्ण सुझावहरूका आधारमा केन्द्रीय कार्यसमितले परिमार्जनसहित अन्तिम रूप दिने गरी तीनवटै प्रस्ताव महासमितिको यो बैठक सर्वसम्मतिले पारित गर्दछ," महासमितिको ११ बुँदे निष्कर्षमा भनिएको छ।

चुनावी गठबन्धन गर्ने र नगर्नेदेखि धेरै विषय आपसमा बाझिएका प्रस्तावहरू सर्वसम्मतिबाट पारित हुनुले कांग्रेसलाई फेरि तदर्थवादमा लैजाने र केन्द्रीय समितिको बहुमतको प्रयोगमार्फत निर्णय सभापतिको अनुकूल गर्ने प्रवृत्तिको निरन्तरतालाई पनि महासमितिले खुला राखिएको छ। पार्टीको नीति र रणनीतिको अन्तरद्वन्द्वमा फसेका प्रस्तावलाई सर्वसम्मतिले पारित गर्दा समझदारीको साझा दस्तावेज निर्माणमा पनि कांग्रेस चुकेको छ। अब सभापति देउवाको 'छैटौँ कार्यकालको प्रधानमन्त्री' बन्ने सपनामा कांग्रेसले महासमितिको उत्साह विसर्जन गर्ने बाटो खुलेको छ। राजनीतिक विश्लेषक प्राध्यापक कृष्ण खनाल महासमिति सदस्यहरूले नेताका अगाडि आफ्नो सार्वभौम अधिकार दाबी नै नगरेको बताउँछन्। अहिलेसम्म पनि नेपालमा नेतामुखी राजनीति चलिरहेको र महासमितिको बैठक औपचारिकतामा सीमित भएको उनको बुझाइ छ।

"महाधिवेशनले महासमितिलाई छोड्ने, महासमितिले केन्द्रीय समितिलाई छोड्ने, केन्द्रीय समितिले पदाधिकारीलाई छोड्ने र पदाधिकारीले सभापतिलाई छोड्ने पुरानै प्रवृत्ति हो," प्राध्यापक खनाल भन्छन्, "नेपालको राजनीति नेतामुखी भएर चलिरहेको छ। कांग्रेसको महासमितिले नै पूर्णता पाएको छैन।" उनले दुई वर्षअघि महाधिवेशन भएको पार्टीमा अहिलेसम्म धेरै जिल्लामा महासमितिकै टुंगो नलागेको उनको भनाइ छ। त्यसकारण भागबन्डा नमिलेर अपूर्ण भएको महासमितिबाट पूर्ण निर्णयको अपेक्षा नै गर्न नसकिने उनले बताए।

"नेपालका राजनीतिक दलले पुरानो संरचनाबाट बाहिर निस्कन नसकेको भन्दै जनताले जनमतबाटै नयाँ म्यान्डेट खोजी गरेको छ। मेरो बुझाइको संगठन संरचनामा कांग्रेस होइन, कुनै पनि राजनीतिक दल छैनन्," खनालले भने, "नेपालका राजनीतिक दल ठूला नेताको जबजस्ती पक्कडमा छन्। राजनीति आदेशमुखी छ। कार्यकर्तामा दास प्रवृत्ति छ। नेतालाई खुसी पारेर भाग लिने प्रवृत्ति छ।" उनले यस्तो प्रवृत्तिबाट कांग्रेस बाहिर निस्कन नसकेको प्रमाणित भएको बताए।

**नेताहरूका आआफ्नै निष्कर्ष**

महासमिति बैठकको समापनमा सभापति देउवाले महासमितिमा आएका सुझावहरू महत्त्वपूर्ण रहेको बताए। उनले प्राप्त सुझावहरू केन्द्रीय समितिको बैठकबाट पारित गरेर निष्कर्ष निकाल्ने अश्वासन दिएका छन्। "महासमिति सदस्यहरूले महत्त्वपूर्ण सुझावहरू दिनुभएको छ। यहाँ आएका सुझावहरू समावेश गरेर केन्द्रीय समिति बैठकले परिमार्जन गर्ने गरी प्रस्तावहरू पारित भएका छन्," महासमिति समापन भाषणमा देउवाले भने, "आगामी केन्द्रीय समितिले प्रतिवेदन परिमार्जन गर्ने छ।"

महामन्त्री गगन थापाले नेपाली कांग्रेस सत्तामा जान र मत ल्याउने मुद्दा बोक्न स्थापना नै नभएको भन्दै देश र जनताको हित कांग्रेसको धर्म भएको बताए। उनले महासमितिकै क्रममा हिन्दु धर्मका पक्षमा चलेको अभियानलाई लक्षित गर्दै कांग्रेसको जिम्मेवारी उत्तेजना फैलाउने नभएर चेतनाको सञ्चार गर्ने भएको बताए। "यो पार्टी किन बन्यो ? कांग्रेस बन्दै गर्दा सरकारमा जाने ठाउँ थियो ? चुनाव हुने अवस्था थियो ?," थापाले भने, "यो पार्टी नेपाली जनताको हित गर्ने उद्देश्यले निर्माण भएको हो। नेपाली जनताको हित यो पार्टीको धर्म हो। हाम्रो काम उत्तेजना बढाउने होइन, चेतना फैलाउने हो।"

उनले सत्ता प्राथमिक भएको भए ३० वर्षे पञ्चायतमा चुनावमा किन नगएको र भोट ल्याउनु नै प्रमुख कुरा हुन्थ्यो भने ज्ञानेन्द्रको शासनकालमा गराएको चुनावमा किन भाग नलिएको भनेर समेत प्रश्न उठाए। थापाले मुद्दा केन्द्रित भएर राजनीति गर्दा हारको मानसिकता र त्रास त्याग्नुपर्ने भन्दै मुद्दा केन्द्रित राजनीति गर्न सके कांग्रेस एक्लैले बहुमत ल्याउन सक्ने बताएर आफ्नो प्रतिवेदनको औचित्य पुष्टि गर्ने प्रयास गरे।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसबाट अब कसैले पनि दुईपटक भन्दा बढी प्रधानमन्त्री र चारपटकभन्दा बढी सांसदको शपथ लिन नपाउने बताए। महासमितिमा 'चुनावी गठबन्धन गर्ने वा नगर्ने' विषयमा मात्र छलफल नभएको बताएका शर्माले आफ्नो प्रस्तावको बचाउमै निष्कर्ष सुनाए। "नेपाली कांग्रेसको महासमिति बैठकले एक, दुई, तीन, चारको प्रस्ताव पारित गरेको छ," शर्माले भने, "अब राष्ट्रपतिको शपथ ग्रहण एकपटक भन्दा बढी कसैले गर्ने छैन। प्रधानमन्त्रीको शपथ ग्रहण दुईपटक भन्दा बढी कसैले गर्ने छैन। मन्त्रीको शपथ तीनपटकभन्दा बढी कसैले गर्ने छैन। सांसदको शपथ ग्रहण चारपटक भन्दा बढी कसैले गर्नेछैन।"

उनले यति भनेर 'बलियो कांग्रेस, बदिलिएको कांग्रेस' बनाउने संकल्प गरेको घोषणा गरे। कांग्रेसका उपसभापति धनराज गुरुङले चुनाव एजेन्डाले जित्ने भन्दै अहिले गठबन्धन गर्ने र नगर्ने विवादमा फस्न जरुरी नभएको भन्दै महामन्त्री गगन थापालाई जावाफ फर्काए। गुरुङले ०४६ सालयता सार्वजनिक जिम्मेवारीमा बसेका सबैलाई छानबिन गरी कानुनी दायरमा ल्याउने काममात्र गरे जनताले चुनावमा जिताउने भन्दै गठबन्धनको बहस जरुरी नै नभएको बताए। कांग्रेसको नीति प्रस्ताव प्रस्तुत गरेका उपसभापति पूर्णबहादुर खड्को कांग्रेसले जनताको शिर झुकाउने काम नगरेको र अब पनि झुक्न नदिने बताए।

*गुणस्तरहीन...*

निर्माण भइरहेको योजनाको पश्चिम खण्ड चाइना रेल्वे नम्बर २ इन्जिनियरिङ ग्रुप कम्पनीले निर्माण गरिरहेको छ। सडक विभाग अन्तर्गत कञ्चनपुर–कमला सडक योजना पश्चिम खण्ड प्राविधिक शाखाका इन्जिनियर सरोजकुमार कोइरालाका अनुसार मिर्चैयादेखि पश्चिमतर्फ करिब डेढ किलोमिटर खण्डका ठाउँ–ठाउँमा समस्या देखिएको स्विकारे। स्थलगत अनुगमनको क्रममा केही ठाउँका सडक चर्किएको फुटेको पाइएपछि परामर्शदातामार्फत निर्माण कम्पनीलाई सचेत गराइएको उनले बताए।

'सप्तरीको कुसहादेखि कमलासम्म कुल ४७ दशमलव चार किलोमिटर खण्डमध्ये २० किलोमिटर खण्ड कालोपत्रे गरिएको छ,' उनले भने 'केही ठाउँमा समस्या कालोपत्रेको काम रोकाएर अध्ययन गर्दै छौँ।' दक्षिण कोरियाको कुन्हवा इन्जिनियरिङ एन्ड कन्सल्टिङ, बंगलादेशको बिसिएल एसोसिएट्स र नेपालको टोटल म्यानेजमेन्ट सर्भिसेज (टिएमएस) प्रालिको ज्वाइन्ट भेन्चर रहेको परामर्शदाता कम्पनीका कर्मचारीले सडक निर्माणमा भएको कमजोरीको विषयमा बोल्न चाहेनन्।

**पुनः एक वर्ष म्याद थप**

सप्तरीको कञ्चनपुरदेखि सिरहा–धनुषा जोड्ने कमला नदीसम्मको ८६ दशमलव ८२ किलोमिटर कञ्चनपुर कमला सडक चार लेनमा स्तरोन्नति गर्ने योजनाको समय एक वर्ष थप गरिएको छ। २९ अक्टोबर २०२० मा सुरु भई २८ अक्टोबर २०२३ भित्र सम्पन्न गर्ने लक्ष्य रहेको भए पनि निर्माण सम्पन्न नभएपछि २३ डिसेम्बर २०२४ सम्मका लागि म्याद थप गरिएको जनाइएको छ। चाइना रेलवे नम्बर २ इन्जिनियरिङ ग्रुपले सप्तरीको कुसहादेखि पूर्व ३९ दशमलव ४२ किलोमिटर खण्ड सात अर्ब २७ करोड ७६ हजार र पश्चिम खण्ड आठ अर्ब ३८ करोड ९९ लाखमा ठेक्का सम्झौता भएको थियो।

योजना अन्तर्गत कञ्चनपुरदेखि कमलासम्म ५४ पुल, आठ अन्डरपास र दुईवटा ओभरपास निर्माण हुनेछ। त्यसमध्ये कुसहादेखि कमलासम्मको पश्चिम खण्डमा एक सय १५ मध्ये एक सय १२ वटा कल्भर्ट निर्माण भइसकेको, साना–ठूला गरी २५ मध्ये १४ वटा पुलको ढलान गरिएको, तर एप्रोच स्ल्याब र रंगरोगन गर्न बाँकी रहेको योजना कार्यालय मिर्चैयाले जनाएको छ।

लहान र मिर्चैया गरी दुई ठाउँमा बन्ने ओभरपासमध्ये मिर्चैयाको डिजाइन विभागमा स्वीकृतिका लागि पठाइएको, तर लहानमा माटो परीक्षण गर्दा केही कमजोरी भेटिएपछि डिजाइन परिवर्तन गर्ने गरी अध्ययन भइरहेको कार्यालयले जनाएको छ।

# औद्योगिक करिडोरमा दैनिक ८ देखि १० घण्टा अघोषित लोडसेडिङ

**शारदा पोखरेल**




बारा, १० फाल्गुन। नेपाल विद्युत प्राधिकरणले बारा–पर्सा औद्योगिक करिडोरमा दैनिक ८ देखि १० घण्टा 'अघोषित' रुपमा लोडसडिङ गर्दा उद्योगीहरु मर्कामा परेका छन्। विद्युत प्राधिकरण सिमरा र वीरगञ्ज वितरण केन्द्रले पुस पहिलो सातादेखि बिहान ७ बजेदेखि ११ बजेसम्म र साँझ ५ बजेदेखि राति ९ बजेसम्म विद्युत कटौती गर्दै आएको उद्योगीहरुको भनाइ छ। अघोषित रुपमा विद्युत कटौती हुँदा उत्पादन लागत बढ्ने, कामदारहरुलाई बिना काम तलब, सेवा–सुविधा दिनुपर्ने लगायतका समस्या बढेको उनीहरु बताउँछन्। जेनेरेटर चलाउन नसक्ने साना, तथा घरेलु उद्योगहरु झनै मर्कामा पर्ने गरेको उनीहरुको भनाइ छ। वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमले चलिरहेका उद्योगमा एक्कासी विद्युत कटौती हुँदा मेसिनहरु जल्ने, टुटफुट हुने, कच्चा पदार्थ खेर जाने र उत्पादन लागत बढेर त्यसको प्रत्यक्ष मार उपभोक्तामा पर्ने बताए।

'अहिले खोलानाला सुकेर पर्याप्त विद्युत उत्पादन छैन तर, भएकै विद्युतलाई सदुपयोग र व्यवस्थापन गरेर बिहान वा बेलुका एक समयमा घोषित रुपमै लोडसेडिङ गरेर ८ घण्टा हामीलाई उद्योग चलाउन देऊ भनेर अनुरोध गर्दा कुनै सुनवाइ भएन,' उनले भने, 'उद्योगीको समस्यामा प्राधिकरण गम्भीर देखिएन।' यसरी गैरजिम्मेवार ढंगले विद्युत कटौती गर्दा अन्ततः यसको सबैभन्दा ठुलो असर अर्थतन्त्रमा पर्ने उनले बताए। 'उद्योगीले घाटा खाएर व्यापार गर्दैनन्, नाफा पाउनका लागि सामानको मूल्य बढाउँछ,' उनले भने, 'जसले गर्दा उपभोक्ता नै सबैभन्दा धेरै मारमा पर्दछन्, यो कुरा प्राधिकरणले बुझ्नुपर्छ।' बारा–पर्सा औद्योगिक करिडोरमा साना–ठुला गरी ५८५ भन्दा धेरै उद्योग सञ्चालनमा छन्, जसमा सिमेन्ट तथा फलामजन्य, औषधिजन्य, खाद्य उद्योग अधिक छन्।

अघोषित रुपमा ८ देखि १२ घण्टासम्म विद्युत कटौती हुँदा जेनेरेटर चलाउन नसक्ने अधिकांश साना तथा घरेलु उद्योग बन्द नै भइसकेको वीरगञ्ज उद्योग वाणिज्य संघले जनाएको छ। नेपाल सेरामिक्स प्रा.लि.का अध्यक्ष शम्भुनाथ झाले बिना जानकारी विद्युत कटौती गर्दा जेनेरेटर नभएका उद्योगको लाखौँ मूल्यको कच्चा पदार्थ खेर जाने बताउँछन्। 'विद्युतबाट प्रति युनिट १० रुपैयाँमा हुने काम डिजेलबाट जेनेरेटर चलाउँदा प्रति युनिट ६५ रुपैयाँ खर्च हुन्छ, विगतमा ३० दिन विद्युत प्रयोग गर्दा मासिक ५० लाख मूल्य बराबरको विद्युत खपत हुने गर्दथ्यो,' उनले भने, 'अहिले ४० लाखको विद्युत बिल पनि आउँछ, १ करोडको डिजेल पनि खर्च हुन्छ। अब हाम्रो ५० लाख खर्च हुने ठाउँमा १ करोड ४० लाख खर्च भएपछि हामी उद्योग चलाउने कि बन्द गर्ने भन्ने अवस्थामा पुगिसक्यौँ।'

विद्युत कटौती भएको विषयमा उद्योगमन्त्री रमेश रिजाल, उद्योग वाणिज्य संघ लगायत विभिन्न निकायलाई लिखित रुपमै जानकारी गराए पनि समाधान नभएको उद्योगीहरुको गुनासो छ। सेरामिक्स कम्पनीका अध्यक्ष झाले भने, 'दुई पैसा कमाउन हामीले उद्योग चलाउने हो। यसरी लागत ह्वात्तै बढेपछि कति दिन चलाउने ? अब बन्द गरेर बस्नुपर्ने अवस्थामा आइसक्यो।' सो उद्योगले माघ २५ गते जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघलाई पत्र पठाएर अघोषित लोडसेडिङका कारण उत्पादन लागत धेरै बढेको र सबै मेसिन एकैसाथ चलाउन नपाउँदा कारखाना नै बन्द गनुपर्ने स्थिति आएको भन्दै सहजीकरण गरिदिन अनुरोध गरेको थियो। नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्माले उद्योगीहरुबाट आएको गुनासोको विषयमा सम्बन्धित निकायलाई जानकारी गराइसकेको बताए। 'अघोषित होइन, निश्चित समयका लागि घोषित रुपमै लोडसेडिङ गरौँ भनेर मन्त्री, सचिव, विद्युत प्राधिकरणका कार्यकारी प्रमुख कुलमान घिसिङलाई पनि भेटेर हामीले पहल गरिरहेका छौँ,' अध्यक्ष शर्माले भने, 'उद्योगमा उत्पादन लागत बढ्दा त्यसको असर सर्वसाधारणलाई पर्छ। यो कुरा सरकारले समयमै बुझ्नुपर्छ।'

यता, विद्युत प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुख इन्जिनियर रुपेश रुपाखेतीले खोलानाला सुकेको कारण औद्योगिक करिडोरमा आवश्यक विद्युत भारतबाट किनेर उद्योगहरुलाई बिक्री गरिरहेको बताए। 'विद्युतको लागि हाम्रो अहिले २ वटा स्रोत छन्। एउटा स्रोत भनेको रक्सौलबाट, अर्को पूर्व–पश्चिम प्रसारण लाइनको ढल्केवरबाट, ढल्केवरबाट हेटौंडासम्मको ४ सय केभी लाइन विभिन्न ठाउँमा समस्या भएकाले चाहिने जति पावर हामीले ढल्केवरबाट ल्याउन सकेका छैनौँ,' प्राधिकरण सिमरा वितरण केन्द्र प्रमुख रुपाखेतीले भने। ढल्केवरबाट लाइन ल्याउन नसकेको अवस्थामा पिक आवरमा पावर अपुग भएकाले लोड व्यवस्थापन गर्नुपर्ने अवस्था आएको उनको भनाइ छ। सोही कारण बिहान–बेलुका लोडसेडिङ गर्नुपरेको उनले बताए।

प्राधिरकणको अहिलेको प्रसारण लाइनबाट २ सय केभीभन्दा धेरै बिजुली किन्न पनि नमिल्ने र बेच्न पनि नसकिने अवस्था रहेको प्राधिकरणले जनाएको छ। ढल्केवर–हेटौंडा ४ सय केभी प्रसारण लाइन नबन्दासम्म सुक्खायाममा उद्योगहरुले बर्सेनि यो समस्या भोग्नुपर्ने प्राधिकरणको भनाइ छ। प्राधिकरणले वैशाखदेखि असोजसम्म भारतलाई विद्युत बिक्री गर्दछ भने कार्तिकदेखि चैतसम्म भारतबाट बिजुली किन्ने गर्दछ। चालु आर्थिक वर्षमा प्राधिकरणले १६ अर्बको बिजुली भारतलाई बिक्री गरेको सिमरा वितरण केन्द्रले जनाएको छ।

# ठोरीमा पर्यटन पूर्वाधार बनाउने घोषणा अलपत्र

पर्सा, १० फाल्गुन। ठोरी गाउँपालिकालाई पर्यटकीय क्षेत्र घोषणा गरी मधेश सरकारले प्याकेजस्वरुप दिने भनिएको १० करोड रुपैयाँ दुई वर्षसम्म पनि दिएको छैन। घोषणापछि प्याकेजबाट प्राप्त हुने रकमले ठोरीको पर्यटन क्षेत्रको कायापलटनै गर्ने भनेर आशावादी रहेका ठोरीबासी अहिले निराश छन्। तत्कालीन मधेश सरकारको मन्त्रिपरिषदको बैठकले यस्तो निर्णय गरेको थियो भने सो निर्णय घोषणा सभामार्फत् सार्वजनिक समेत गरिएको थियो।

स्थानीय युवा रन्जित थापा मधेश प्रदेश सरकारले ठोरीबासीलाई ढाँटेको आरोप लगाउँछन्। 'ठोरीमै तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा मन्त्रिपरिषदको बैठक बसाएर ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा गर्ने निर्णय र त्यसपछि घोषणा सभा गरेर ठोरीलाई प्रदेशकै पहिलो पर्यटकीय क्षेत्र घोषणा गरेर १० करोड रुपैयाँको प्याकेज दिने घोषणा समेत गरिएको थियो,' उनले भने, 'तर २ वर्ष बितिसक्दा पनि घोषित १० करोड रुपैयाँको प्याकेजमध्ये १ रुपैयाँ पनि नदिनु ठोरीसंगको ठूलो धोका हो।'

अर्का स्थानीय प्रकाश खनाल घोषणा गरिएको प्याकेज हालसम्म ठोरीले नपाउनु ठोरीकै दुर्भाग्य रहेको बताउँछन्। उनले भने, 'तर प्रदेश सरकारको घोषणा पनि प्याकेज गायब भए जस्तै गायब भएर गयो।' पर्सा र चितवन राष्ट्रिय निकुन्ज मात्र नभई भारतको बाल्मिकी टाइगर रिजर्भले समेत गरी ३ तिरबाट ३ निकुन्जले घेरिएको ठोरीलाई केवल पर्यटकीयस्थल मात्र नभई वन्जयन्तु पर्यटकियस्थल घोषणा गरेर काम अघि बढाइए त्यसको लाभ ठोरीले छिटो पाउने सम्भावना रहेको खनाल औंल्याउँछन्।

'नजिकै रहेको सौराहामा विश्वभरीका पर्यटक वन्यजन्तु हेर्नका लागि ओइरिन्छन्,' उनले भने, 'ठोरीमा झनै बढी वन्यजन्तु पर्यटनको सम्भावना छ।' ठोरीमा प्रदेश सरकारको मन्त्री परिषदको बैठक तथा पर्यटकीय क्षेत्र घोषणा सभा आयोजनामा सहजीकरण गरेका ठोरी गाउँपालिकाका निवर्तमान अध्यक्ष पिएल श्रेष्ठले स्थानीय तहको निर्वाचन अघि घोषणा सभा भएको र त्यस लगत्तै चुनाव भएपछि आफूले यस बिषयमा केही जानकारी नपाएको बताए। 'चुनाव भएपछि मैले चुनाव हारें, मुख्यमन्त्री फेरिनु भयो, मैले पटक पटक १० करोडको प्याकेजको कुरा आफ्नोस्तरबाट ठाउ ठाउमा उठाई रहे तर त्यो हराएर गयो,' उनले भने, 'बरु मधेश प्रदेश सरकारकी पर्यटन मन्त्री सुनिता यादवले यस पटक बजेटमा ठोरी २ र ५ मा होमस्टे तथा बाघ मोर्चा मन्दिर पुर्ननिर्माणका लागि २०/२० लाख गरी ६० लाख रुपैयाँ विनियोजन गरी दिनु भएको छ, १० करोडको प्याकेज बारे अब कतै कुनै चर्चानै छैन।'

ठोरी गाउँपालिकाका वर्तमान अध्यक्ष लालबहादुर श्रेष्ठले ठोरी पर्यटकीय क्षेत्र घोषणा केवल औपचारिकताका लागि मात्रै गरिएको कार्यक्रम साबित भएको बताए। '१० करोडको प्याकेजको घोषणा त भयो, तर १ लाख पनि आएन,' उनले भने, 'हामीले पटक पटक ताकेता र डेलिगेशन दिने काम गरी रहेका छौं, तर मन्त्री परिषदको निर्णय र घोषणा सभाको घोषणा पनि कार्यान्वयन भएन।' आफूले निवर्तनमान मुख्यमन्त्री लालबाबु राउत र वर्तमान मुख्य मन्त्री सरोज कुमार यादवलाई भेटेर पटक पटक घोषित रकम निकासा गरेर ठोरीको पर्यटन विकासका लागि आग्रह गर्दा पनि घोषित रकम निकासा नभएको उनले बताए।

## *सिरहा नपाले ...*

२३ भुमिहिन दलित र ४ अव्यवस्थित बसोवास गरी ४१ जनालाई जग्गाको निस्सा प्रमाणपत्र वितरण गराइएको वडा सचिव दिल कुमार महतोले बताए।

हरेक नागरिकको गाँस, बास, शिक्षा र स्वास्थ्यको प्रत्याभुति दिनुपर्ने सरकारको दायित्व रहेको औंल्याउदै नगर प्रमुख यादवले भने,'सोही अवधारणा अनुसार वडाले थालेको निस्सा प्रमाणपत्र वितरण कार्य स्वागत योग्य रहेको छ।' वडाले निस्सा प्रमाणपत्र वितरण गर्न देखाएको चासो जस्तै अरु वडाले त्यसको सिको गर्नुपर्ने उनले औंल्याए। वडाको विकास र व्यवस्थापनसँगै निस्सा प्रमाणपत्र वितरण कार्यले नगरको प्रशासनिक कार्यलाई समेत सघाउ पुऱ्याएको सिरहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत बलिराम यादवले बताए। उनका अनुसार वडा कार्यालयले देखाएको प्रयास र गरेको उपलब्धीलाई सिको गरेर अरु वडाले व्यवहार लागु गरियो भने प्रशासनिक रुपमा सहयोग पुग्नेछन्।

राष्ट्रिय भुमि आयोगले देखाएको बाटोलाई आत्मसात गर्दै अघि बढ्दा निस्सा प्रमाणपत्र वितरण गर्ने पहिलो सफल वडा भएको १ नम्वर वडा कार्यालयका वडाध्यक्ष महेश कुमार यादवले बताए। बर्षौ देखि भुमिहिन सुकुम्बासी र अव्यवस्थित रुपमा बसेकाहरु निराश बन्दै गएको थियो तर जग्गाको निस्सा प्रमाणपत्र पाएर उनीहरु खुशी भएको उनले दाबी गरे। वडाको प्रयास र सबैको सहयोगले जग्गाको निस्सा प्रमाणपत्र वितरण भएको वडाध्यक्ष यादवले भने,'यस्ता कार्यले विपन्न दलित तथा गरिब वर्गलाई बढि फाइदा हुने छन्।' विपन्न गरिब तथा दलित वर्गका व्यक्तिको अवस्थालाई ध्यानमा राखेर यस्ता विभिन्न खाले कार्यनीति अगाडि बढाउदै र त्यसको प्रभावकारी कार्यान्वयन गर्दै अघि बढ्दै आएको उनको दाबी छ।

# धोती लाउँदा पनि षड्यन्त्र देख्छ सरकार : सीके राउत

काठमाडौं, १० फाल्गुन। जनमत पार्टीका अध्यक्ष सीके राउतले अहिलेको शासन व्यवस्था ल्याउनेहरु नै अहिले डराउन थालेको बताएका छन्। बिहीबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले कोतपर्व, भण्डारखाल पर्वजस्ता हिंसात्मक घटनाबाट प्रधानमन्त्री बनेका जंगबहादुर राणा आफैं सेतो बाघसँग डराएको भन्दै प्रमुख राजनीतिक दलहरु पनि आफैंले ल्याएको शासन व्यवस्थासँग डराएको टिप्पणी गरेका हुन्।

'जंगबहादुर राणाले रगतको आहलमा खेलेर आफ्नो राज्यव्यवस्था ल्याएका थिए। अन्तिममा आफैं सेतो बाघबाट त्रसित हुनुपरेको थियो', राउतले भने, "त्यस्तै नै अहिलेको शासन व्यवस्था ल्याउनेहरु नै त्रसित भएको अवस्था, सेतो बाघ नै देख्ने अवस्था सिर्जित भएको देख्छु।' कोरिया जान पाउनुपर्ने माग गर्दै युवाहरुले गरेको



आन्दोलनमा समेत शासकहरुले व्यवस्था ढाल्ने षड्यन्त्र देखेको अध्यक्ष राउतले टिप्पणी गरे। 'दुई जना युवाले रोजगारी माग्दा मेरो व्यवस्था ढाल्न आयो कि भनेर सेतो बाघ देख्छ, धोती लाउँदा पनि षड्यन्त्र देख्छ। मधेश प्रदेशका शिक्षा मन्त्रीले प्रमुख अतिथिलाई फुल दिन जाँदा पनि गठबन्धन भत्काउन लाग्यो भनेर गृहमन्त्रालयले आदेश दिएर टाउको फुटाउनेसम्मको काम गर्छ', राउतले भने। उनले अगाडि भने, 'शासक वर्ग चारै तिर आफ्नो शासन व्यवस्था ढाल्न आयो कि भनेर त्रर्सित भएको देखिन्छ। त्यस्तै जंगबहादुरको हविगत देख्न नपरोस्।' अध्यक्ष राउतले सरकारलाई जनतामा निराशा रहेको बुझ्न आग्रह गरे। 'म पनि सरकारमै छु। गठबन्धनको बैठकमा जाँदा कतैपनि जनसरोकारको मुद्दाहरुमा छलफल भइराखेको छैन।' राजनीतिक पार्टीको बैठक होस कि गठबन्धनको बैठक होस् सरकारमा कसरी टिक्ने, गठबन्धनलाई कसरी टिकाउने, कसरी विरोधीहरुलाई समाप्त पार्ने, कसरी प्रतिस्पर्धीहरुलाई समाप्त पर्ने भन्ने विषयहरुमा छलफल हुने गरेको राउतले टिप्पणी गरे।

**'न्यायालयमा बेन्च सपिङ'**

जनमत पार्टीका अध्यक्ष राउतले राज्यको कुनै पनि अंगको काममा सन्तोष मान्न नसकिने अवस्था देखिएको बताए। 'देशमा हरेक अंगहरु व्यवस्थापिका होस्, कार्यपालिका होस् न्यायपालिका होस् पूर्णत असफल दिशातर्फ गइराखेको प्रतित भइराखेको छ', उनी भन्छन्, 'यो प्रतिनिधि सभाको कुरा गर्ने हो भने चार नेताको रबरस्ट्याम जस्तै प्रयोग भइराखेको छ।' राउतले न्यायपालिकाप्रति पनि तिखो टिप्पणी गरे, 'न्यायपालिका भन्नुहन्छ भने बेन्च सपिङ भइराखेको छ। न्यायको आशा गर्न नसकिने भइराखेको छ', उनले भने। संवैधानिक निकायहरु सरकारको निर्देशनमा ज्यू हजुरी गर्नमा ब्यस्त रहेको र सरकारले पनि जनसरोकारको विषयमा काम गर्न नसकेको उनको भनाइ छ।

'सरकारको अवस्था यस्तो छ कि शिक्षा, स्वास्थ्य, रोजगारी कुनै पनि कुरामा डेलिभर गर्न सक्ने अवस्था देखिएको छैन, संकेत पनि देखिएको छैन' उनले भने, 'विगत एक वर्षमा सरकारले शिक्षा क्षेत्रमा उन्नती गरेको, स्वास्थ्य क्षेत्रमा उन्नती गरेको वा कतै १० हजार रोजगारी सिर्जना गरेको, कतै उद्योगधन्दा खोलेको सुन्न नपाउँदा जनता पक्कै पनि निराश छन्।' आफूले जता गयो त्यतै निराशा मात्रै देखेको बताए। हालै कतारबाट फर्किएको उल्लेख गर्दै उनले थपे, 'देशमा मात्र होइन विदेशमा पनि निराशा छाएको देख्छु। देशप्रति, व्यवस्थाप्रति राजनीतिक पार्टीहरुप्रति, नेताहरुप्रति चर्को उदासीनता देख्दैछु।'

# लाहान सिटी जेसिसको अगुवाईमा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न



**विनोद मण्डल**

लहान, १० फाल्गुन। सिरहाको लहान नगरपालिकामा सिटी जेसिसका उमेश यादवको पहलमा सडक दुर्घटना न्यूनिकरणका लागि सचेतना कार्यक्रम सम्पन्न भएको छ। बढ्दो सवारी दुर्घटनाबाट बच्नका लागि लहान नगरपालिका–१५ को एक विद्यालयमा जेसिस सहित पुगेका ट्राफिक टिमले बिद्यालयका विद्यार्थीहरुलाई एक दिने सचेतना अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

स्थानीय ढोढना वीरनगरस्थित सगरमाथा उच्च माध्यमिक विद्यालयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय लहान सिरहाका कार्यालय प्रमुख प्रहरी निरीक्षक डम्बर बहादुर पुरी र लहान सिटी जेसिसका उमेश यादवको संयुक्त टोली पुगेर ट्राफिक सचेतना तथा सडक सुरक्षा सम्बन्धी कार्यक्रम अन्तर्गत विद्यार्थीहरुमा सचेतना दिँदै कार्यक्रम सम्पन्न गरेको जेसी उमेश यादवले बताएको छ। लहान सिटी जेशिसको आयोजनामा सगरमाथा उच्च माध्यमिक विद्यालय बीरनगरमा जिल्ला ट्राफिक प्रहरी कार्यालय लहान सिरहाका कार्यालय प्रमुख प्रहरी निरीक्षक डम्बर बहादुर पुरीले ट्राफिक सचेना तथा सडक सुरक्षा सम्बन्धी एक दिने सचेतना कार्यक्रम कक्षा ९, १०, ११ र १२ विद्यार्थीहरुलाई एउटै कक्षामा सहभागी गराएर अन्तरक्रिया सम्पन्न गरेको बताईएको छ।

उपकुलपति चयन

# को हुन् त्रिवि हाँक्ने केशरजंग बराल ?

काठमाडौँ, १० फाल्गुन। सरकारले त्रिभुवन विश्वविद्यालयको २० औँ उपकुलपतिमा प्रा.डा. केशरजंग बराललाई नियुक्त गरेको छ। पोखरा विश्वविद्यालयको पूर्व उपकुलपति समेत रहेका प्राडा बराललाई प्रधानमन्त्री तथा कुलपति पुष्पकमल दाहाल प्रचण्डले नियुक्त गरेका हुन्। शिक्षामन्त्री अशोककुमार राईको अध्यक्षतामा रहको सिफारिस समितिले बरालसहित तीन जनाको नाम सिफारिस गरेको थियो। सिफारिस गरिएकामध्ये दोस्रो नम्बरमा रहेका बराललाई नियुक्त गरेको हो।

**को हुन् बराल ?**

२०१४ सालमा पाल्पामा जन्मिएका बराल २०३९ सालदेखि नेपालको उच्च शिक्षामा सक्रिय रहेका छन्। उनले २०३९ सालमा विराटनगरमा रहेको महेन्द्र मोरङ क्याम्पसबाट प्राध्यापन पेसा सुरु गरेका थिए। त्यसपछि उनी २०४१ सालमा पोखराको पृथ्वीनारायण क्याम्पसमा सरुवा भएर आए। पृथ्वीनारायण क्याम्पसमा पढाउँदै गर्दा उनी विश्वविद्यालयको वृत्ति विकास कार्यक्रम अन्तर्गत छात्रवृत्तिमा पढ्न बाहिर जाने मौका पाए। उनी २०५० सालमा विद्यावारिधि अध्ययनका लागि भारतको दिल्ली युनिभर्सिटीमा भर्ना भए। र उनले विद्यावारिधिको अध्ययन समयमै सकाए। अर्थात् २०५४ सालमा उनले पढाई सकाए। यसैगरी २०५५ सालमा दिल्ली युनिभर्सिटीले उनलाई विद्यावावारिधी (पीएचडी) को उपाधि प्रदान गर्‍यो। भारतमा अध्ययन सकेर नेपाल फर्केका बरालले विश्व बैंकको हायर एजुकेसन (उच्च शिक्षा) भन्ने प्रोजेक्टमा कन्सल्टेन्ट भएर काम गर्ने मौका पाए। उनले पोखरा क्याम्पसमै हुँदै उक्त मौका पाएका थिए। त्यसपछि उनले एसियन डेभ्लपमेन्ट बैंकको प्रोजेक्टमा फाइनान्स एडभाइजर भएर समेत काम गरे। त्यहाँ उनले साढे तीन वर्ष काम गरेका थिए। त्यसपछि उनी पुनः क्याम्पसमै फर्केर अध्यापनतिर लागे।

क्याम्पसमा उनी वित्त शास्त्रको विभागीय प्रमुख भएर काम गरे। त्योसँगै उनले अनुसन्धान विभागको पनि प्रमुख भएर काम गरे। त्यही बेला उनी व्यवस्थापन संकायको वित्तशास्त्र विशेष समितिको सदस्य समेत भए। र पछि त्यसको स्थायी समितिको सदस्य भएर काम गरे। त्यसपछि उनी त्रिभुवन विश्वविद्यालयको विद्या परिषद्को फेकल्टी बोर्डका सदस्यमा नियुक्त भए। पोखरामा स्थापना हुने चर्चामा रहेको पोखरा विश्वविद्यालयको सुरुवाती समयदेखि नै उनी सक्रिय थिए। पोखरा विश्वविद्यालयको स्थापनाकालदेखि नै उनी व्यवस्थापन विशेष समितिको सदस्य भएर काम गरे। त्यसपछि २०६४ सालमा सरकारले उनलाई पोखरा विश्वविद्यालयको उपकुलपतिमा नियुक्त गर्‍यो। र उनले चार वर्षे कार्यकाल सम्पन्न गरेर २०६८ सालमा बिदा भए। पोखरा विश्वविद्यालयको भिसी भएर आफ्नो कार्यकाल पुरा गरेसँगै उनी पुनः त्रिभुवन विश्वविद्यालयमै फर्किए। त्यसपछि उनी अमेरिका गए। अमेरिकामा उनी पढाउन गएका थिए। र २०६८ सालमा नेपाल फर्किए र त्रिविमा पढाउन थाले।

२०६४ देखि २०६८ सालमा विश्वविद्यालय अनुदान आयोगको बोर्ड मेम्बर पनि भएर काम गरे। त्रिविको व्यवस्थापन संकायको अनुसन्धान समितिको सदस्य भएर काम गरे। त्यसपछि २०६९ सालमा उनी भिजिटर प्रोफेसरको रूपमा पढाउन चीन गए। त्यहाँ एक वर्ष पढाए। र त्यसपछि नेपाल फर्किए। नेपाल फर्केर त्रिविमा नै पढाउन थाले र २०७७ सालमा त्रिविबाट सेवानिवृत्त भए। सरकारले गठन गरेका विभिन्न आयोग तथा समितिमा समेत रहेका काम गरेको अनुभव बरालसँग छ। त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विश्वविद्यालयबिच विवाद बढेको थियो। उक्त विवाद समाधान गर्न शिक्षा मन्त्रालयले उच्चस्तरीय समिति गठन गरेको थियो। बरालले उक्त समिति समस्या भएर समेत काम गरे। अहिले उनी विश्वविद्यालय अनुदान आयोगको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्या विशेषज्ञको रूपमा काम गर्दै आएका छन्। साढे दुई वर्षदेखि उनी विज्ञको रूपमा काम गर्दै आएका हुन्। उनले अहिले त्रिविको व्यवस्थापन संकायको पीएचडीका विद्यार्थीलाई पढाउँदै आएका छन्। त्यस्तै पोखरा विश्वविद्यालयका पीएचडीका विद्यार्थीलाई समेत सहजीकरण गर्दै आएका छन्। २०३९ सालदेखि नेपालको उच्च शिक्षामा निरन्तर सक्रिय रहेका उनी कुनै पनि निजी क्याम्पसमा भने छैनन्।

# उपप्रमुख यादवद्वारा डीहवार मन्दिरको प्राङ्गणमा मरबा शिल्यानास

सिरहा, १० फाल्गुन। सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका २ बेतहा जगतपुरमा गा.पा. उपप्रमुख निलम यादवद्वारा डीहवार मन्दिरको प्राङ्गणमा मरबाको शिल्यानास भएको छ। आ.ब. ०८०/८१ को स्थानीय सरकारको रु.५ लाखको बजेट बाट उक्त मरबा बन्न लागेको स्वम उपप्रमुख यादवले बताएकी छिन्। डिहवार मन्दिर भनेको सनातन हिन्दु धर्म अनुसार ग्राम देवता हो भनेर मधेस प्रदेशमा चिनिँदै आएको छ र यस तर्फ सबैको उतिकै आस्था रहेको समेत देखिन्छ तर हाल सम्म उक्त मन्दिर सम्म पुग्न बाटेको ठुलो समस्या रहेकोले यस तर्फ समुदाय गम्भिर हुन जरुरी रहेको देखिन्छ।

‘पालिका उपप्रमुख यादव चुनाव जितेदेखि आफु उपप्रमुखको पदमा रहेपनि समय सापेक्षिक आफ्ना योगदान यहाँका जन्ता समक्ष दिइकै छु’ बताएकी छिन्। विगतमा उनले गरेको काम यहाँका जन्ताले राम्रै अनुभूति गरेका छन्। एकपछि अर्को काम पालिकाभित्र गरेर आम जनताको मन जित्न सफल हुदै गैरहेकी उपप्रमुख यादव आउने दिनमा छुट्टै पहिचान बनाउने सोचमा रहेको समेत बताएकी छिन्। उनी अगाडी थप्दै म आफ्नो जीवनमा राजनैतिकमा आउने बितिकै उप प्रमुखको जिम्मेवारी पाँए र धेरै बिषयमा अध्यन गर्दै आए र धेरै बिषय बस्तु जान्न बुझ्न पाए बताउदै हाम्रो समाजमा अनेक समस्याहरु जस्तै शिक्षा, स्वास्थ्य, खाद्यान्न र अवासयी गतिलो हुन सकेन।



महिला तथा बालबालिकाको समस्या लगायत न्यायको सवाल फितलो रहेको बताएकी छिन्। कार्यक्रम सके पश्चात संचारकर्मीसंग थप कुराकानी गर्दै जनताले प्रजातन्त्रको अनुभूति गर्नुपर्छ। जनताले मत दिएर जनप्रतिनिधि चुनेको छ र जनताको मतको कदर हुनुपर्छ। जनबोलीको कदर हुनु पर्छ बताएकी छिन। हुन त मानिसले मरीलानु के नै छ र? यस धर्तीबाट भ्याएसम्म जनता सेवा गर्ने सोच लिएकी यादव वास्तमा समाजसेवी तथा विकास प्रेमी नै हुन् यहाँका जनताले अनुभूति गरिसकेका छन्। मडबा शिल्यानससंगै २४ घन्टे अष्ट्याम जाप शुरुवात गर्दै उप प्रमुख यस पालिकाभित्रका सम्पूर्ण जनप्रतिनिधि एक ठाम मिलि सरकार संचालनमा जुट्न आग्रह गरेकी छिन।

# प्रभु साहको प्रश्न : नेपालमा कसको सरकार छ ?

काठमाडौं, १० फाल्गुन। आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य प्रभु साहले प्रतिनिधिसभा बैठकमा युवाहरूको विषय उठाएका छन्। रोजगारीको अभावमा लाखौं युवाहरू बिदेसिन बाध्य भए पनि सरकार र सरोकारवाला निकाय मौनता साँधेको भन्दै उनले आक्रोश पोखे। बिहीबारको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले नेपालका सरकारी मान्यताप्राप्त उद्योगहरूमा विदेशीहरूले काम गरिरहेको प्रति प्रश्न उठाए। ‘कुन कानुन अन्तरगत उनीहरुले काम गरिरहेका छन’, उनको प्रश्न छ, ‘आज नेपालका युवाहरू रोजगारीको खोजीमा विदेशमा तड्पिरहेका छन्। तर, विदेशीहरू बेरोकटोक रोजगारी गरिरहेका छन्।’ यो सबै दृश्य हेर्दा नेपालमा कसको सरकार छ भन्ने प्रश्न आउने उनको भनाइ थियो। नेपालीहरूको सरकार हो भने नेपाली युवाहरूले रोजगारी पाउनुपर्ने उनको भनाइ थियो। रोजगारीको हक हरेक नागरिकलाई भए पनि अहिलेको दुःखदायी अवस्थामा नागरिक रहेको उनले बताए। यस्तै ट्रेड युनियनवादीहरू पनि चुपचाप बसिरहेको भन्दै आक्रोश पोखे। उनले युवाहरूको भविष्यमाथि खेलबाड गर्ने अधिकार कसैसँग नभएको बताए।

# मुआब्जा नपाएपछि बाराका पीडित आन्दोलित



बारा, १० फाल्गुन। बाराको तामागढी–सिम्रौनगढ हुलाकी सडक निर्माणको समयमा सरकारले घोषणा गरेको मुआब्जा हालसम्म नपाएको भन्दै पीडितहरूले बिहीबार आन्दोलन गरेका छन्। पीडितहरूले सरकारलाई पटकपटक अनुरोध गर्दासमेत कुनै सुनुवाइ नभएको भन्दै तामागढी–सिम्रोनगढ सहयोग तथा मुआब्जा संघर्ष समिति बाराले विरोध गर्दै सडक बन्द गरेर आन्दोलन गरेका हुन्। तामागढीको प्रस्थान विन्दुमा हुलाकी सडक बन्द गरेर उनीहरूको आन्दोलन गरिरहेका छन् भने पूर्व–पश्चिम लोकमार्गसमेत अवरुद्ध गर्न सक्ने भन्दै ठूलो मात्रामा नेपाल प्रहरी, सशस्त्र प्रहरी परिचालन गरिएको छ।

२०७८ चैत १८ गते निर्माण सम्पन्न भएको यस तामागढी–सिम्रौनगढ हुलाकी सडक भारत सरकारको अनुदान सहयोगमा निर्मित ३९.७५ किलोमिटर निर्माणका क्रममा सडक विस्तारमा परेका घर र जग्गाको मुआब्जा दिने सरकारले निर्णय गरेको थियो। तर, सरकारले निर्माण सम्पन्न भएको तीन वर्ष बितिसक्दा समेत मुआब्जा नदिएपछि उनीहरू आन्दोलित भएका हुन्। आन्दोलनमा कोल्हवी नगरपालिका, सिम्रौनगढ नगरपालिका, आदर्श कोतवाल गाउँपालिका र बारागढी गाउँपालिकाका पीडित सहभागी रहेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)